
# लेखापरीक्षण प्रतिवेदन

# माथागढी गाउँपालिका, पाल्पा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## माथागढी गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/427

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

माथागढी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा।

## कैफियतसहितको राय

हामीले माथागढी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती तथा भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड १ लाख २६ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२ करोड १४ लाख ७८ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.१४ लाख ५० हजार तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२२ लाख ६० हजार समेत गरी रु.१४ करोड ५३ लाख १६ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अरब ३२ करोड ८ लाख ३७ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड १९ लाख २ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ११ लाख १८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा बाँकी बेरुजु रु.२ करोड ७ लाख ८४ हजार मध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख ६५ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ८३ लाख ४१ हजार रहेको छ।गत वर्षसम्म रु. १६ करोड ९६ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१९ करोड ४ लाख ५४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेकोले, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने माथगढी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माथागढी गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँ पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको

जिम्मेवारी वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु (रु.हजार)**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७९ | २५ | ३१९०२ | ० | ९ | ११११८ | ० | ७९ | १६ | २०७८४ | ० | १८३४१ | १६६ | ० | ० | १८५०७ | २२७७ |

**अद्यावधिक बेरुजू स्थिति (रु.हजार)**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | १७१७७५ | ० | २६३८ | १६९१३७ | ५३३ | २०७८४ | १९०४५४ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४५.3 | सराई अघनी विस्कुनडाँडा हुदै सिलंगी सडक | २८७८६ |
| २ | २०८०/८१ | ४५.३ | परामर्शदातालाई भूक्तानी | ४७८५७५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८०/८१ | ७२ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान | २१७६८० |
| ४ | २०८०/८१ | ३४.३ | दिव्य ज्योति माध्यामिक विद्यालयमा बस खरिद | ७७७०७८ |
| ५ | २०८०/८१ | ३२ | कसेनी स्वास्थ्य चौकि | ७२२५९७ |
| ६ | २०८०/८१ | ४ | फरक जिम्मेवारी | ८१५१०९६ |
| ७ | २०८०/८१ | १९ | पेश्की बाँकी | ४२४६६ |
| ८ | २०७७/७८ | २३ | पेश्की बाँकी | २६३८००० |
| | | | **जम्मा** | **१३७५६२७८** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| पालिकाको कुनै बक्यौता नरहेको। | माथागढी गाउँपालिका |

# (८०५५०५०५३०० - माथागढी गाउँपालिका, पाल्पा )

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडा, २१५.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २४०५३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१८ देखि २०८१ ।८।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय - व्ययतर्फ रु. १ अर्ब ३२ करोड ८ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७१०४४।-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | ६४६९ |
| २ | छात्रवृत्ति | २०४०० |
| ३ | पि.सि.एफ. मा दोहोरो अनुदान परेको फिर्ता | १४८५० |
| ४ | बैठक भत्ता खर्च | २९३२५ |
| | **जम्मा** | **७१०४४** |

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ९,४७,६१,०८४.५१ | ९,४७,६१,०८४.५१ | ९,६३,८६,१८१.९३ | ९,६३,८६,१८१.९३ |
| १३००० | अनुदान | ३६,९१,३६,१६८.९० | ३६,९१,३६,१६८.९० | ४०,३५,०१,६३२.५५ | ४०,३५,०१,६३२.५५ |
| १४००० | अन्यराजस्व | २,५९,०३,१८८.३९ | २,५९,०३,१८८.३९ | २,९०,८७,२७९.९६ | २,९०,८७,२७९.९६ |
| १५००० | विविधप्राप्ति | ९,००,५८७.०० | ९,००,५८७.०० | ११,२१,२८२.९८ | ११,२१,२८२.९८ |
| ३३३६६ | दहत्तरबहत्तर शुल्क | १,२३,२२०.०० | १,२३,२२०.०० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | ४९,०८,२४,२४८.८० | ४९,०८,२४,२४८.८० | ५३,००,९६,३७७.४२ | ५३,००,९६,३७७.४२ |
| ३ | चालु | ३४,३६,२२,४२१.१६ | ३४,३६,२२,४२१.१६ | ३३,४४,०४,१०९.९१ | ३३,४४,०४,१०९.९१ |
| २१००० | पारिश्रमिक / सुविधा | ७,२६,१०,३४६.८६ | ७,२६,१०,३४६.८६ | ४,९९,०२,९१७.८६ | ४,९९,०२,९१७.८६ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ७,८४,१४,३१३.२९ | ७,८४,१४,३१३.२९ | ७,९७,२६,०५९.५० | ७,९७,२६,०५९.५० |
| २५००० | सहायता (Subsidy) | १८,४२,२१,२७०.४१ | १८,४२,२१,२७०.४१ | १९,९१,०१,१३६.५५ | १९,९१,०१,१३६.५५ |
| २६००० | अनुदान | ० | ० | ९,३३,२२०.०० | ९,३३,२२०.०० |
| २७००० | सामाजिकसुरक्षा | ६९,२०,०३१.६० | ६९,२०,०३१.६० | ४३,८६,७७६.०० | ४३,८६,७७६.०० |
| २८००० | अन्यखर्च | १४,५६,४५९.०० | १४,५६,४५९.०० | ३,५४,०००.०० | ३,५४,०००.०० |
| ४ | पूंजीगत | १६,७१,०५,८५८.९३ | १६,७१,०५,८५८.९३ | १९,१५,९१,०२६.२६ | १९,१५,९१,०२६.२६ |
| ३१११० | भवनतथा संरचना | ४,४०,४२,२१५.४८ | ४,४०,४२,२१५.४८ | ४,३४,८०,५८८.०० | ४,३४,८०,५८८.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,२८,६५,६७५.५० | १,२८,६५,६७५.५० | १,५२,८९,६३७.०० | १,५२,८९,६३७.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | १८,४०,८५०.०० | १८,४०,८५०.०० | १२,३४,८९६.०० | १२,३४,८९६.०० |
| ३११५० | सार्वजनिकनिर्माण | १०,७०,८८,४५३.९५ | १०,७०,८८,४५३.९५ | १२,८५,३७,९४८.२६ | १२,८५,३७,९४८.२६ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | १२,६८,६६४.०० | १२,६८,६६४.०० | ३०,४७,९५७.०० | ३०,४७,९५७.०० |
| ख | **कुलजम्मा भुक्तानी** | ५१,०७,२८,२८०.०९ | ५१,०७,२८,२८०.०९ | ५२,५९,९५,१३६.१७ | ५२,५९,९५,१३६.१७ |
| ग | **बचत / कमी** | (१,९९,०४,०३१.२९) | (१,९९,०४,०३१.२९) | ४१,०१,२४१.२५ | ४१,०१,२४१.२५ |
| घ | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट** | १,८७,४०,५३२.४८ | १,८७,४०,५३२.४८ | १३,६१,२९६.६३ | १३,६१,२९६.६३ |
| घ.१ | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | |
| ङ | **यसआ.ब.को नगद तथा बैंक मौज्दात** | (११,६३,४९८.८१) | (११,६३,४९८.८१) | ५४,६२,५३७.८८ | ५४,६२,५३७.८८ |
| च | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ११,२७,४४,३६६.२७ | ११,२७,४४,३६६.२७ | १०,७२,८१,८२८.३९ | १०,७२,८१,८२८.३९ |
| छ | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ज | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात** | ११,१५,८०,८६७.४६ | ११,१५,८०,८६७.४६ | ११,२७,४४,३६६.२७ | ११,२७,४४,३६६.२७ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२०१२६४७९.६८ | १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२०१२६४७९.६८ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२६००००.०० | २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२६००००.०० |
| ३ | एकिकृत स्वास्थ्य पूर्वाधारविकास कार्यक्रम | २१४७८५६६.०० | ३ | एकिकृत स्वास्थ्य पूर्वाधारविकास कार्यक्रम | २१४७८५६६.०० |
| ४ | गरीवसँग विश्वेश्वर कार्यक्रम | १४५०९६०.०० | ४ | गरीवसँग विश्वेश्वर कार्यक्रम | १४५०९६०.०० |
| | **जम्मा** | **१४५३१६००५.६८** | | **जम्मा** | **१४५३१६००५.६८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२०१२६४७९।६८,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२१४७८५६६।-,गरीवसँग विश्वेश्वर कार्यक्रममा रु.१४५०९६०।-र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम को रु.२२६००००।-समेत गरी रु.१४५३१६००५।६८ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **फरक जिम्मेवारी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,१५१,०९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१६८२५०००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु.१६९३९३०७।-अर्थात अनुमान भन्दा ०.६८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको अभिलेख दिएको छ । यसरि पछिल्ला बर्षहरूमा राजश्वमा कमि आएको पालिकाले जनाएकोमा कवाडी शुल्क, नक्सापास दस्तुर ,मनोरञ्जन शुल्क असूल हुने गरेको देखिएन । पालिकाले राजश्वको क्षेत्र तथा दायरा फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

| अन्तरिक श्रोत | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | फरक रकम |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ५५.०० | ४१,२६३.०० | ४१२०८.०० |
| ११३१४ भुमिकर/मालपोत | ४६५८११.०९ | ५७०८५९.४७ | १०५०४८.३८ |
| ११३१७ वहाल कर | ३७३१७५.१८ | ५१२५७६.७४ | १३९४०१.५६ |
| ११३१८ वहाल विटौरी कर | १२,०००.०० | १५,४०८.०० | ३४०८.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ० | ३,०००.०० | ३०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ०.०० | १४००००.०० | १४००००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ०.०० | ८,६००.०० | ८६००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००.०० | १,३४५.०० | ८४५.०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ० | ८,७८०.०० | ८७८०.०० |
| ११६९१ अन्य कर | ८,८५४,२९९.४६ | २६०४४६.०० | -८५९३८५३.४६ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २००००००.०० | २१०००००.०० | १०००००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ७१३८२०.०० | ७१३८२०.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ३७,७३०.०० | ३७७३०.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १५२२००.०० | ६,६००.०० | -१४५६००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ० | ५,१४५.०० | ५१४५.०० |
| १४२२१ न्यायिक दस्तूर | ० | १००.०० | १००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ० | ४७,९००.०० | ४७९००.०० |
| १४२२४ परीक्षा शुल्क | ८२,४००.०० | ३५,७००.०० | -४६७००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १७१७००.०० | २३४८१५.०० | ६३११५.०० |
| १४२४२ नक्सापास दस्तुर | २७६३१४.०६ | ८३,१०८.०० | -१९३२०६.०६ |
| १४२४३ सिफारिश दस्तुर | ९७०५७५.०० | ९६१७४३.०० | -८८३२.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २८६०५०.०० | १०२३८००.०० | ७३७७५०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ११७०२०.०० | ७७,७८०.०० | -३९२४०.०० |
| १४२४९ अन्य दस्तुर | ४८५९००९.३२ | १७१५०२.६१ | -४६८७५०६.७१ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३५३६१२.०० | १९५७२१.५० | -१५७८९०.५० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | १७,३००.०० | १७३००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ० | १५०००००.०० | १५०००००.०० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ० | ४०,०००.०० | ४००००.०० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ६४६४८०.०० | १०५०००.०० | -५४१४८०.०० |
| १४४२१ पूँजीगत हस्तान्तरण | ० | ११०००००.०० | ११०००००.०० |
| | | | |

| | | | |
|---|---|---|---|
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | ० | ३५०००००.०० | ३५०००००.०० |
| १४५२९ अन्य राजस्व | ० | ४४१८७५७.०० | ४४१८७५७.०० |
| १४५३१ सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ० | ८,६००.०० | ८६००.०० |
| १४६११ व्यवसाय कर | ० | ६८,१००.०० | ६८१००.०० |
| १५१११ बेरूजू | ११२१२८२.९८ | ९००५८७.०० | -२२०६९५.९८ |
| **कुल जम्मा आन्तरिक श्रोत आय** | **२०७४२४८४.१** | **१८९१६०८७.३२** | **-१८२६३९६.७८** |

यसरि माथि उल्लेखित तथ्याङ्कको आधारमा आ.ब.२०७९।८० मा भन्दा २०८०।८१ मा रु.१८२६३९६।-राजस्व कम असुली भएको देखिन्छ । पालीकाले राजस्वको स्रोतमा कम हुंदै गएको र बसाइ सरेर जाने बढेको तथा चुन ढुङ्गाको विगतमा भन्दा कम खपत भएको कारण राजश्व असुलीमा कमि भएको जनाएको छ । राजस्व अनुमानलाई यथार्थपरक बनाउँदै करको दायरामा विस्तार गर्नु पर्न देखिन्छ ।

## ९ केन्द्रीय अनुदान तथा आन्तरिक आय तुलना :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४७४७४४३५ | १६९३९३०७ | ४.८ |

## १० लक्ष्य प्रगति :

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५ भन्दा माथि |
| कार्यक्रम संख्या | ४६३ | ५४ | ० | ० | ० | ४०९ |

शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्रोत अभाव,निर्माण व्यावसायि बाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण कारण देखाईए तापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

## ११ योजनाको प्राथमिकीरण :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २२३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०४ | १६ | ५० | ३८ |
| २. | वडा स्तरीय | ११९ | ० | ८ | १११ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०० योजनामात्र कार्यान्वियन भई २३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति :**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३२६०००० | २८२२५६८० | ६५.२५ |
| २ | पूर्वाधार विकास | १२७३१५००० | ९७२२०५२० | ७६.३६ |
| ३ | सामाजिक विकास | ३७८७३००० | २८८८९५८४९ | ८५.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९४४३००० | ८०३७६०१ | ८५.१२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२४३३६६५६ | ८८३४८६२८ | ७१.०६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८५.५ प्रतिशत र आर्थिक विकासमा क्षेत्र मा सबै भन्दा घटीमा ६५.२५ प्रतिशत रहेको छ । तसर्थ पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि आर्थिक विकासमा जोड दिनु पर्ने देखिन्छ ।

१३ **खर्च बिश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१६९३९३०७।- राजस्व बाँडफाँड र अनुदानबाट रु.४४५८३८७४९।-र बैंक मौज्दात रु.१०१७१७८४५ समेत रु.५६६४७२६८२।-आम्दानी भएकोमा चालु तर्फ रु.३४३६२२४२१।-र पूँजिगत तर्फ रु.१६७१०५८५८।-समेत रु.५१०७२८२८०।-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८४०३०००।- खर्च भएको छ जुन आन्तरिक आयको ४९.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.१८ प्रतिशत चालु र ३०.९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **गत विगतको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१६३६६५६।-भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१५ **योजना तथा वजेट कार्यान्वियन :**

योजना तथा वजेट कार्यान्वियन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१६ करोड ७१ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.४ करोड ९ लाख १५ हजार मिति २०८०।९।२६ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ६.७० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये ५ योजनामा रु.४३२५०००।- खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **चौमासिक खर्च :**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम चौमासिकमा २.४६ प्रतिशत र दोस्रो चौमासिकमा १५.२४ प्रतिशत, तेस्रो चौमासिकमा ६१.८९ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३५.९६ प्रतिशत खर्च गरेको छ । पूँजिगत चौमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा

| **क्र.स** | **बजेट** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिनाको खर्च** |
| १ | पूँजिगत खर्चतर्फ | १६७१०५ | ५१७० | ३२००३ | १२९९३१ | ७५५०३ |
| २ | प्रतिशत | ७९.५९ | २.४६ | १५.२४ | ६१.८९ | ३५.९६ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ६१.८९ प्रतिशत तथा आषाण महिनामा ३५.९६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१७ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई उपचार तथा राहतको लागि रु.१३५०००।-आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१८ **रकमान्तर :**

एक योजना/शिर्षकवाट रकमान्तर गरी अर्को योजना/शिर्षकमा वजेट थप गर्दा खर्च हुन सक्ने वा नसक्ने पक्षलाई विचार गरी रकमान्तर गर्नु पर्नेमा यस कार्यालयले रकमान्तर थप गरेका तपसिलका योजना कार्यक्रमहरुको वजेट खर्च नभएको देखियो ।

| सि.नं. | योजना /कार्यक्रम | खर्च नभएको वजेट |
|---|---|---|
| १ | महिला समुह अवलोकन भ्रमण | ५००००।- |
| २ | मातृ भाषा पुस्तक प्रकाशन | २०००००।- |
| ३ | भुमी व्यवस्थापन कार्यक्रम | १००००००।- |
| ४ | सेफ हाउस अनुदान | ७५०००।- |
| ५ | कृषि सामाग्रि र यान्त्रिकरण खरिद | ३००००००।- |
| **जम्मा** | | ४३२५०००।- |

१९ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. २२७७०००।-बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रुफर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| गो.भौ.नं. | पेश्कि लिने संस्था/व्यक्ति | प्रयोजन | पेश्कि लिएको मिति | रकम |
|---|---|---|---|---|
| ४ | कसेनि बजार व्यवस्थापन समिति | सडक तथा पुल निर्माण | २०८०।०४।०१ | २००००० |
| ४ | झडेवा जगात सुनवल महल पोखरी मो.बा. वडा नं.6 उपभोक्ता समिति | झडेवा जगात सुनवल महल पोखरी मो.बा. निर्माण | २०८०।०४।०१ | १६००००० |
| १६ | खल्लु घाट झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | खललु घाट झोलुङ्गे पुल निर्माण | २०८१/०३/१९ | ४७७००० |
| **जम्मा** | | | | **२२७७०००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४८७,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२५५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २२,७७,००० |

२० **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ५ वटा नियमावली, ४० कार्यविधि २ निर्देशिका ४ मापदण्ड गरि ७१ वटा कानुन निर्माण गरि राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल १० वटा कानुनहरु कार्यान्वयन भएको पाईएन । तसर्थ सम्पुर्ण कानुनहरु पुर्णरुपमा कार्यान्वयन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२१ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन ३ बाँकी वटा रहेको र यो वर्ष १३ विवाद दर्ता भएकोमा ४ फर्स्यौट भई ९ वटा विवाद फर्स्यौट गर्न बाँकी रहेको । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

२२ **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आफ्नो क्षेत्राधिकार भित्र जनसहभागिता, पारदर्शिता र उत्तरदायीत्व प्रवर्धन गर्दै गुणस्तरीय र सर्वसुलभ सेवा प्रवाह गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएकोमा पालिकाबाट दिईने सेवा प्रवाहमा अझै बढोत्तरी गर्नुपर्ने देखिन्छ ।

| क्र. स. | विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|---|
| १ | जन्मदर्ता | ५२० | ५२० |
| २ | मृत्युदर्ता | २३६ | २३६ |
| ३ | बसाईसरी जाने | २५३ | २५३ |
| ४ | बसाईसराई आएको दर्ता | ९६ | ९६ |
| ५ | विवाह दर्ता | २२७ | २२७ |
| ६ | सम्बन्ध विच्छेद दर्ता | ३४ | ३४ |

२३ **प्राकृतिक स्रोतको आय तथा रोयल्टी :**

२३.१ लुम्बिनी प्रदेशको सरकारको आर्थिक ऐन, २०८० को दफा ८ मा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क सम्बन्धी व्यवस्था गरेको र सो दफा अनुसार अनुसुची -६ व्यवस्था भए अनुसारको दरमा संकलन गर्नु पर्ने व्यवस्था गरेको छ । सो ऐनको अनुसुची -६ मा पहाडी क्षेत्रको लागी ढुंगा गिट्टि बालुवा संकलन गर्न प्रति घन फिट रु.६।-तोकिएको छ । पालिकाले यसबर्ष IEE को सिफारिसमा देहायका अनुसार घाटको उत्खनन परीमाण तोकेकोमा पालिकाले ढुङ्गा गिट्टि बालुवा उत्खन्नको लागि ठेक्का लगाएको पाइएन । पालिकाले उपभोक्ता मार्फत गर्ने निर्माणका लागि वडा कार्यालय मार्फत ढुङ्गा गिट्टि बालुवा उत्खन्न गर्दै आएको जनाएको छ । यस वर्ष पालिकाले दहत्तर बहत्तर बापत कुल रु.४५६३२०३।-रोयल्टि संकलन गरि मू.अ.कर बापतको रकम रु.५२५६०६।-तथा प्रदेश विभाज्य कोषमा रु.१६१७२३७।-र स्थानीय विभाज्य कोषमा रु.२४२०३६२।-बाँडबाड गरेको अभिलेखबाट देखिन्छ ।

| कुल घाट | दैनिक उत्खन्न परिमाण घ. | वार्षिक उत्खन्न परिमाण | संकलन गर्न सकिने राजश्व |
|---|---|---|---|
| ४ | ५६.५५ | ५३९२०६.४१ | ३२३५२३८.४५ |

२३.२ **सो सम्बन्धमा देखिएका व्यहोरा हरु निम्नानुसार छन :**

• कार्ययोजना बनाउने, अनुमति दिने, र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• घाटगद्दी व्यवस्थापन गर्ने गरेको पाइएन ।

• पालिकाले IEE ले गरेको सिफारिसका आधारमा विभिन्न ४ घाट बाट उत्खन्न परिमाण अभिलेख उपलब्ध गराउन नसकेकोले तोकिएको परिमाण भन्दा बढि उत्खन्न भयो/ भएन भन्नेमा सुनिश्चित हुन सकिएन ।

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• घाटहरुबाट दैनिक खरिद विक्री तथा उत्खन्न अभिलेख समेत राखेको पाईएन ।

• चेक्लिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन ।

• बातावरणीय अध्ययन प्रतिवेदनको समेत पालना गरेको पाईएन ।

तसर्थ पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार दिगो उपयोग तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **न्यानो झोला कार्यक्रम :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष २३५ थानको रु.२०९१५०।- खरिद गरेकोमा गत वर्ष ९४ जना र यस वर्ष ६० जना र गरी १५४ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ८१ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२५ **तलवी प्रतिवेदन :**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई ३६ कर्मचारीको रु. २१३५९७१५।- तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२७ **खर्च वृद्धि :**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कर्मचारी संख्यामा बृद्धि कार्यक्रमहरुमा भएको बृद्धि/परिक्षा संचालन मा बृद्धि बैठक/अतिथि आगमनमा बृद्धि भएका कारणले वृद्धि भएको जानकारी दिएको छ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको/घटिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | २१६३५५६० | २१९२८४९८ | कर्मचारी संख्यामा बृद्धि |
| २ | वैंठक भत्ता | २९१८००० | ३०२४००० | कार्यक्रमहरुमा भएको बृद्धि/परिक्षा संचालनमा बृद्धि |
| ३ | जलपान/खाजा/खाना | १०६५८६९ | ११२१३८१ | बैठक/अतिथि आगमनमा बृद्धि |
| ४ | इन्धन | १९९७८१४ | २१९१५६० | सवारी साधनमा बृद्धि |
| ५ | मसलन्द | २२७७०८८ | २५२०११९ | वडा कार्यालय तथा स्वास्थ्य चौकि समेत |
| | **जम्मा** | **२९८९४३३१** | **३०७८५५५८** | |

यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउदै सुशासन सेवाप्रवाह र विकास निर्माण तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२८ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.७ लाख ८४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.२६ लाख ७७ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनउनु पर्ने देखिन्छ ।

२९ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत

सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **खरिद कारवाही अभिलेख :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

३१.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.५५१२०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६५ जनालाई बढीमा १०० दिन र कममा ७८.४९ दिन गरी औषतमा ९३ दिनको श्रमिक ज्यालामा रु.४०३८८०९।९० र प्रशासनिकमा रु.४२३३१५।-गरी जम्मा रु.४४६२१२४।६० खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

३१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

३१.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

३१.४ रोजगारी सिर्जना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम

छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा | आयोजनाको नाम | संख्या | कार्यदिन | दिन | ज्याला | ज्यालाभुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | १ | चिदीपानी अन्तर्गतका गोरेटोबाटो मोटरबाटो तथा खोला व्यवस्थापन योजना | १२ | ७८.४५ | ९४२ | ६६८ | ६२९१८८.९० |
| २ | २ | गोरेटोबाटो निर्माण तथा शाखा बाटो मर्मत | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ३ | ३ | कसेनी कुलो तथा गोरेटो बाटो निर्माण एवं सरसफाई योजना | ११ | ९८ | १०७८ | ६६८ | ७२०१०४ |
| ४ | ४ | झडेवा गोरेटो बाटो निर्माण तथा नाली सरसफाई योजना | ८ | १०० | ८०० | ६६८ | ५३४४०० |
| ५ | ५ | कचकन्नी गैरा तट्बन्धन तथा गोरेटो बाटो मर्मत योजना | १० | ९९.१ | ९९१ | ६६८ | ६६१६०० |
| ६ | ५ | ढाडकोन धामिघा मोटरबाटो मर्मत तथा गोरेटोबाटो निर्माण | ६ | ७५ | ४५० | ६६८ | ३००६०० |
| ७ | ६ | गोठादी गोरेटोबाटो तथा नाली निर्माण एवं मर्मत | ६ | ९७.६ | ५८५.६ | ६६८ | ३९१३१६.७ |
| ८ | | साधगैरा बेतेनी देखि धर्मशाला चरङ्गे सम्मको गोरेटोबाटो निर्माण | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| | | | | | | **जम्मा** | **४०३८८०९।९०** |

३१.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका पन्ध्र वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

३२ **कसेनी स्वास्थ्य चौकिः**

३२.१ पालिकाले कसेनी स्वास्थ्य चौकिको भवन निर्माणका लागि २०८०।१२।३० मा कार्यसम्पन्न गर्नेगरी नेरीसा कन्सट्रक्सन प्रा.ली.सँग २०७९।९।१ मा रु.१६०६२८१५।७६ मा सम्झौता गरेको पाईयो । सो निर्माण कार्यको समयमा कार्यसम्पन्न गर्न नसकेको जनाई निर्माण व्यवसायीको निवेदन अनुसार २०८१।१।३१ को कार्यपालिकाको निर्णय अनुसार २०८१।२।१५ सम्मको म्याद थप गरेको पाईयो । निर्माण कार्य र ठेक्का कागजातमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

३२.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,००२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२.३

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७१३,५९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३ **सौर्य बत्ती जडान:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायबाट गरीने खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकालाई संघ सशर्त कार्यक्रम अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडानका लागि रु.८ लाख बजेटको विनियोजन भएको पाईयो । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार लिई लागत अनुमान तयार गरी दरभाउपत्रको माध्यमबाट कम कवोल फर्म एक्सन एक्टिभ इनर्जि प्रा.ली.बाट ८ सेट सोलार खरीद गरी गो.भौ.२०।०८१।३।२२ बाट रु.७९३९००।-भुक्तानी गरेको छ । पालिकाले खरीद गरेको सो फर्मको वैकल्पिक उर्जा तथा सोलार सम्वन्धि कारोवारको ईजाजत रहेको देखिएन । यसरी न्युन प्रतिशपर्धामा तथा सोलार कारोवारको लागि ईजाजत नै नभएको फर्मबाट कारोबार गर्दा सौर्य बत्ती तथा पार्टसको वारेन्टी समेत नहुने देखिएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९३,९०० |

३४ **दिव्य ज्योति माध्यामिक विद्यालयमा बस खरिद :**

३४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष दिव्य ज्योति माध्यामिक विद्यालयमा बस खरिदको लागि रु.३००००००।-को बजेट बिनियोजन गरेकोमा देहाय बमोजिम पाईयो ।

३४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । पालिका र विद्यालय विच मिति २०८१।१।१२ मा भएको सम्झौतामा स्कुलको लागि बस खरिद गर्न पालिकाले ३००००००।–र स्कुलले आन्तरिक श्रोतबाट रु.१५०००००।–ब्यहोर्ने उल्लेख गरेको भएता पनि बस खरिदको प्रकृया अगाढी बढाउँदा लागत अनुमान समेत तयार गरेको पाईएन ।

३४.३ ( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७७७,०७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३५ **औषधि खरिद :**

३५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा केहि फर्महरुबाट दररेट माग गरि औषतको आधारमा लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निम्नानुसार छनः

३५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकालाई संघिय वजेटबाट रु.१२८७०००।-तथा पालिका वजेटबाट रु.२५०००००।-गरी रु.३७८७०००।-बार्षिक वजेट बनाएको छ । पालिकाले बर्षभरीलाई आवश्यक औषधीको पूर्वानुमान गरी वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा केहि फर्महरुबाट दररेट माग गरि औषतको आधारमा रु.३७८७०००।–को लागत अनुमान तयार गरि २०८०।६।२४ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाईयो । सुचना बमोजिम ५ वटा वोलपत्र परेकोमा सबै भन्दा कम कबोल गर्ने (७०प्रतिशत कम) Candela Medico Concern संग २०८०।८।२६ मा ३० दिन भित्र आपूर्ति गर्नेगरि रु.११०६३७७।–मा सम्झौता भएको पाईयो । औषधिको दाखिला २०८०।९।५ मा भएकोमा गो.भौ.१०८ बाट रु.११०६३७७।- भुक्तानी भएको पाइयो। कुल ठेक्का बाट बचेको रकम रु.१५२२४३।–मात्र संघीय संचितकोषमा फिर्ता गरेको छ । यसर्थ लागत अनुमान भन्दा ७० प्रतिशत कमिको बोलपत्र पर्नुले लागत अनुमान प्रभावकारी बन्न नसकेको तथा संघीय पालिका बजेट एकिकृत गरि लागत अनुमान तयार गरेकोमा संघीय संचितकोषमा फिर्ता गर्दा ठेक्काबाट बचत रकमबाट संघीय र पालिका बजेट अनुपातिक रुपमा फिर्ता गर्नुपर्नेमा कुल ठेक्कामा बचत रकम मात्रै फिर्ता गरेको देखिन्छ ।

३५.३ पालिकाले पहिलो ठेक्का बाट बचत रकम रु.२५०००००।–बाट बोलपत्र विधिबाट बजार प्रतिशपर्धा गर्दा धेरै घट्न सक्ने तथा खरिद प्रक्रियामा रकम अभाव भएमा पालिका बजेटबाट व्यहोर्न सक्ने भनि अध्यक्षको निर्णयमा रु.४००००००।-लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमानका आधारमा पुनः वोलपत्रको माध्यमबाट औषधी खरिद गर्नुपर्ने देखिन्छ । तर पालिकाले सिलबन्दि दरभाउपत्रको माध्यमबाट Chunchun Pharmacy संग २०८०।१२।१५ मा रु.१३८४१००।-को सम्झौता गरि गो.भौ ४९५।२०८१।२।१८ बाट रु.१२४६५२०।-भुक्तानी भएको देखिन्छ । यसरी रकमान्तर समेत नगरि स्रोतको सुनिश्चितता समेत नभएको तथा बजेट भन्दा बढीको लागत अनुमान तयार गरी वोलपत्र समेत नगरी खरिदलाई सिमितता हुने गरी औषधि खरिद गरेको पाईयो । पालिकाले नियमानुसारको खरिद प्रकृयाको अवलम्वन गरी खरीद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १२,४६,५२० |

३५.४ **अन्य व्यहोरा:-**

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई

खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३६ **उपभोक्ता समिति मार्फत कार्य :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारिण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारिण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्धावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको २०२ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.71319538।-भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/ कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव

रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

**३७ फरक दरमा निर्माण सामाग्रि प्रयोग :**

खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका ५ लाख भन्दा बढीका केहि योजनाको नमुना छनोट गरि परीक्षण गर्दा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सामानहरूको खपत तथा भुक्तानीमा देहाय अनुसारको फरक भएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| गो.भौ | उपभोक्तासमिति | सामान | कुल खर्च | नर्म्सअनुसार | खरिदरखपत | फरकरकमरु | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १७५ | झडेवा रिङरोड | ढुङ्गा | १०५२८४४ | १४६७५० | १४१६९६ | ५०५४ | ४५४८ |
| १३२ | सपाड्दि रिङ्गरोड | ढुङ्गा | ८८५२३० | ५२५०० | ५०८४८ | १६५२ | १४८६ |
| १२ | ओखरी गौडा मो.बा. | सिमेण्ट | १२६७३०४ | ७३५०० | ६४९७४ | ९६३४ | ८६७० |
| **जम्मा** | | | | | | | **१४७०४** |

**३८ हेभी इक्विपमेण्टको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित केहि सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर,

एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं. | उपभोक्ता समिति | प्रयोग उपकरण | फर्म | सम्झौता रकम | बिल रकम | कार्यसम्पन्न |
|---|---|---|---|---|---|---|
| १८५ | मोटर बाटो मर्मत तथा पहिरो सोरसार | डोजर | माथागढी कन्सट्रक्सन | ४६२७०८ | ४६३००० | ४६२८४८ |
| १४ | दशै सोरसार वडा नं.१ | डोजर | एस सरु कन्सट्रक्सन | ५५५५८५ | ५५६८६४ | ५५६१६९ |
| ४० | दशै सोरसार वडा नं.४ | डोजर | निरमाना कन्सट्रक्सन | ४४४५२८ | ३६५९९२ | ४१६२७७ |
| ४५ | दशै सोरसार वडा नं.८ | डोजर | निरमाना कन्सट्रक्सन | ४१०६२३ | ३७०१०२ | ३६७४५७ |
| १७५ | झडेवा रिङरोड | डोजर | माथागढी कन्सट्रक्सन | १११२९९८ | ४६९८५ | १०५२२८४ |
| ६२ | नयाँ स्कुल भवन-उरालडाँडा-थोत्राकोट मो.बा. | डोजर | एस सरु कन्सट्रक्सन | ५५८०२१ | ६५००० | ५२१८५५ |
| ३६ | सातपोखरी मैदान घारी मोटरबाटो | डोजर | जे.के.अल्फोन्स कं.प्रा.ली | ८८९०३१ | ७९८४७६ | ९१०९९२ |
| २४१ | बधवारी बुढीकोट भुट्टके जाउपोखरा | डोजर | एस सरु कन्सट्रक्सन | १११२७३७ | ४६५००० | १२००५३८ |

३९ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४० **राजश्व ढिला दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । यस गाउँपालिकाका वडा कार्यालयहरुमा संकलन भएको राजस्व ढिला दाखिला हुने गरेकोमा पालिकाले भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिल गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| वडा | संकलन भएको अवधि | दाखिला मिति | रकम |
|---|---|---|---|
| वडा नं ८ | साउन | २०८०।४।५ | १७३७ |
| | भदौ | २०८०।५।११ | १५०० |
| | असोज | २०८०।६।७ | १४८५ |
| | कार्तिक | २०८०।७।१४ | ३४०० |

४१ **पोशाक वितरण :**

पालिकाले आफ्नो क्षेत्र भित्रका कक्षा ११ मा अध्ययन गर्ने छात्र-छात्राहरुलाई अध्ययनमा प्रोत्साहन गर्न भनी विद्यालय पोशाक वितरण गरेको छ। कार्यपालिकाको २०८०/ ०५/२७ को निर्णय बमोजिम गाउँपालिकाले ५ वटा विद्यालयका २२६ जना विद्यार्थीहरुलाई प्रति

विद्यार्थी रु.२०००।– का दरले जम्मा रकम रु.४५२०००।–पोशाक भत्ता वितरण गरेको छ। आन्तरिक स्रोत न्युन रहेको तथा कानून कार्यविधि विना गरिने यस्ता खर्चहरु नियम संगत नदेखिएको रु.

| क्र. स. | विद्यालयको नाम | विद्यार्थी संख्या | रकम |
|---|---|---|---|
| १ | सौभाग्य मा. वि. | ४५ | ९०००० |
| २ | सातपोखरी मा. वि. | ३४ | ६८००० |
| ३ | किसान मा. वि. | ४३ | ८६००० |
| ४ | दिव्यज्योति मा. वि. | ७७ | १५४००० |
| ५ | सिद्धार्थ मा. वि. | २७ | ५४००० |
| **जम्मा** | | **२२६** | **४५२०००** |

| | |
|---|---|
| अनियमित भएको | ४,५२,००० |

४२ **वितरणमुखी खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ। पालिकाले विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| गो. भौ. नं र मिति | कार्यक्रमको नाम | वितरण | रकम |
|---|---|---|---|
| २०४, २०८०/१०/७ | जात्रा सञ्चालन तथा व्यवस्थापन | | १००००० |
| २०५, २०८०/१०/८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | फाईवर सिरक२२ थान | ४८४०० |
| २१३, २०८०/१०/८ | जनप्रतिनिधी तथा कर्मचारी अध्ययन भ्रमण | हेटौडा- ईटहरी- झापा- ईलाम | ४००००० |
| २१८।२०८०/१०/९ | ज्येष्ठ नागरिक सम्मान, वडा नं ७ | Blanket ४१ थान | ९९८९० |
| ३७०।२०८१/१२/२८ | वडा व्यवस्थापन तथा टोल संयोजक प्रोत्साहन | झोला डायरी ट्र्याक सुट छाता | १००००० |
| ३९५।२०८१/१/४ | मगर एकता कार्यक्रम | | ३६३४०८ |
| ४८९।२०८१/२/९ | दलित लक्षित कार्यक्रम | बाजा वितरण | ९९८०० |
| ५०४।२०८१/२/२२ | विविध खर्च | गा पा महासंघको वार्षिक सदस्यता शुल्क | ३०००० |
| ५१५।२०८१/२/२५ | महिला जनजाती दलित लक्षित कार्यक्रम | २० थान | १९७००० |
| ५३०।२०८१/२/३० | जनजाती लक्षित कार्यक्रम | कुर्चि खरिद २५० थान | २००००० |
| ५९६।२०८१/३/१ | बालबालिका लक्षित कार्यक्रम | टिसर्ट ट्र्याक सुट | १९५२०० |
| ५९९।२०८१/३/१ | होमस्टे अध्ययन तथा सञ्चालन कार्यक्रम | स्याङजाको सिरुवारी | २२१६९० |
| ६२४।२०८१।३।१२ | ज्येष्ठ नागरिक अपाङ्ग कार्यक्रम | इलेक्ट्रिक जग ओटस २६ थान | ९६६८० |
| ६८१।२०८१।३।१६ | लक्षित वर्ग मागमा आधारित कार्यक्रम | झुल,लेदर व्याग र छाता | ४३२५० |
| ७१३।२०८१।३।१८ | अभिभावक विहिन बालबालिका अनुदान | ४८ जना विद्यार्थि | ४८०००० |
| ७४२।२०८१।३।२० | गाउँसभा सञ्चालन खर्च | ल्यापटप, अफिस व्याग | ३१४७०५ |

४३ **पाईप खरिद र वितरण :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले पाईप तथा ग्याबिन बक्स खरिदमा कुनै आवश्यकताको अनुमान नगरी पालिकाले विभिन्न साईजका पाईप तथा ग्याबिन बक्स खरिद गर्नुपर्नेमा आवश्यकता वेगर खरीद गरी देहाय अनुसारको मौज्दातमा राखेको पाईयो । पालिकाले आवश्यकताका आधारमा खरीद गर्नुपर्ने तथा मौज्दातको वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

| गो भौ नं र मिति | विवरण | खरिद थान | वितरणको भरपाई | बाँकी मौज्दात | दर | रकम |
|---|---|---|---|---|---|---|
| **४४।२०८१।३।२३** | **पाईप खरिद र वितरण** | | | | | |
| | 20 mm | १२७०० | ११४१० | १२९० | २५ | ३२२५० |
| | 32 mm | ४५०० | २२९५ | २२०५ | ४३ | ९४८१५ |
| **तारजाली खरिद र वितरण** | | | | | | |
| **४१।२०८१।३।२२** | 1.5*1*1 | २०० | १८९ | ११ | २३४५ | २५७९५ |
| | 2*1*1 | १०० | ९९ | १ | ३३४५ | ३३४५ |
| | 3*1*1 | १० | ८ | २ | ४७४५ | ९४९० |
| | | | | | **जम्मा** | **१६५६९५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,६९५ |

४४ **संचालन नभएका कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण तयार गरि कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । सो सम्वन्धमा पर्याप्त जनशक्ती अभाव जनाएको भएतापनि बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलव्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १३९३००० |
| २ | कोभिड -१९ बाट पुगेको शैक्षिक क्षती | ६००००० |
| ३ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम | १००००० |
| ४ | पोषण संवेदनशिल | १५०००० |
| ५ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रवृत्ति | २१५००० |

४५ **परामर्शदातालाई भुक्तानीः**

४५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा परामर्स सेवा खरीद गर्दा प्रस्ताव तयार गर्न प्रस्तावदातालाई दिइने निर्देशनमा सार्वजनिक निकायले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको ढाँचा, प्राविधिक र आर्थिक प्रस्ताव तयार गर्ने र पेश गर्ने तरिका, काम कति चरणमा पूरा हुने हो र थप काम दिन सकिने नसकिने कुरा, प्रस्ताव सम्बन्धी कागजातका सम्बन्धमा प्रस्तावदाताले कुनै जानकारी लिनु पर्ने भए त्यस्तो जानकारी लिन सकिने तरिका, प्रस्तावित कामको कुनै अंश परामर्शदाताले सब-कन्ट्र्याकमा दिन सक्ने नसक्ने कुरा लगायत समेत खुलाउनुपर्ने उल्लेख छ । पालिकाले झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रम अन्तर्गतको अडारे ट्रस पुल निर्माण, डाङ्गरेघाट झोलुङ्गेपुल तथा खल्लुघाट झोलुङ्गेपुलको DPR तयार गर्न परामर्श सेवाको लागि लागत अनुमान वेगर २०८०।१२।२५ मा सूचना जारी गरेकोमा कुनै फर्मको प्रस्ताव नपरेको जनाई पुनः२०८१।१।६ मा सूचना गरेकोमा एक मात्र प्रस्ताव परेको जनाई ईन्द्रेणी समाज नेपालसँग २०८१।१।१८ मा अवधि नखुलाई सम्झौता गरेको पाईयो । तर सो फर्मको कारोवारको ईजाजतमा सामाजिक कार्य गर्ने गरी समाजकल्यण परीषदमा दर्ता रहेको देखिएको एवँ प्रस्ताव पेश गर्दा एक जना सव-ओभरसियर मात्रै रहेको विवरण पेश गरेकोमा २०८१।१।२५ मा नै देहाय अनुसारको तिन वटा पुलहरूको DPR तयार गरेको जनाई गो.भौ.१४।०८१।३।१३ बाट प्रथम किस्ताको हुने रु.१९२११५।-(३०%) भुक्तानी भएको छ । यसरी विस्तृत सर्वेक्षण तथा परामर्शको निम्नानुसारको तिन कार्य छोटो समयमा नै तयार गरेको पाईएकोले सो DPR यथार्थपरक छ भनि विश्वस्त हुन नसकिएको, रु.

| गो.भौ | पुलको नाम | पुलको लागत अनुमान | परामर्स खर्च दावी | प्रथम किस्ता |
|---|---|---|---|---|
| १४।०८१।३।१३ | अडारे ट्रस पुल निर्माण | ३४८४०४५।७५ | १९३०७२.४७ | ५७३०० |
| १४।०८१।३।१३ | डाङ्गरेघाट झोलुङ्गेपुल | ४८११६८१।९४ | २८०१५१.७८ | ८२२५३ |
| १४।०८१।३।१३ | खल्लुघाट झोलुङ्गेपुल | ३१०२५२८।१२ | १७८६७३.५२ | ५२६०२ |
| **जम्मा** | | | **६५१८९७।७७** | **१९२१५५** |

| | |
|---|---|
| अनियमित भएको | १,९२,१५५ |

४५.२ पालिकाबाट कलौलीखोला झोलुङ्गे पुलको प्रत्यक्ष लागतको ३ प्रतिशत प्राविधिक शुल्क तथा ३ प्रतिशत सामाजिक परिचालन र व्यवस्थापकीय कार्य गरे वापत कुल ६ प्रतिशत भुक्तानी दिने प्रावधान राखेको पाइयो । सो कार्यको प्राविधिक सेवाका लागि ईन्द्रेणी समाज नेपाललाई शुल्क रु.६५१८९७।७७ भुक्तानी गरेको छ । कार्यालयमा रहेका जनशक्ति आफैले गर्न सक्ने कार्यमा बाह्य पक्षबाट कार्य गराउने परिपाटी बन्द गर्नुका साथै खरिद नियमावलीको ९७(८) को सीमा तीन प्रतिशतभन्दा बढी हुने गरी शुल्क तोक्नेलाई जिम्मेवार बनाउनुपर्दछ । सम्झौताको दफा २.२ बमोजिम सामाजिक कार्य अन्तर्गत गाउँपालिकामा मासिक प्रगति प्रतिवेदन उपलब्ध गराउने, पुल संरक्षकलाई नियमित मर्मत सम्बन्धी तालिम दिने साथै व्यवस्थापकीय कार्य अन्तर्गत एक प्राविधिक र एक सामाजिक परिचालक नियुक्त गरी ती कर्मचारीसँग सम्झौता गरेको र पारिश्रमिक उपलब्ध गराएको तथा ती कर्मचारीहरूबाट भएका कार्यको विवरण पेश गर्नुपर्ने लगायतका कार्यको पुष्टयाई बेगर नै सामाजिक परिचालन र व्यवस्थापकीय कार्यका लागि भुक्तानी गर्न मिल्दैन । कायालयका प्राविधिकबाट ब्रिज निर्माणका प्राविधिक कार्य गर्न सक्नेमा सो कार्य गैरसरकारी संस्थाबाट गराउने कार्य बन्द गर्नुपर्दछ ।

४५.३

( ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४७८,५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४६ झोलुङ्गे पुल स्टिल पार्टस खरीदः

४६.१ पालिकाले अडारे ट्रस पुल निर्माणको लागि DPR अनुसारको सामान खरीदको लागि रु.१७१६९४२।३० को तथा डाङ्गरेघाट झोलुङ्गेपुल तथा खल्लुघाट झोलुङ्गेपुलको लागि रु.१६२२२५६।९१ को लागत अनुमान तयार गरी २०८१।१।२७ मा छुट्टा छुट्टै वोलपत्रको सूचना क्रमशः १७।०८०-८१ र १८।०८०-८१ बाट आव्हान गरेकोमा प्रथम पटकको सूचनामा कुनै पनि फर्मको वोलपत्र पर्न नआएको पाईयो । पुनः दोस्रो पटक २०८१।२।१३ को शिलवन्दि दरभाउपत्र दुवै सूचनामा दुई फर्मको वोलपत्र पेश हुन आएकोमा सो फर्महरू मध्ये कम कवोल अडारे ट्रस पुल निर्माणको लागि रु.१४८८१९६।१२ र डाङ्गरेघाट झोलुङ्गेपुल तथा खल्लुघाट झोलुङ्गेपुलको लागि रु.१५२३९९७।२६ कवोल गर्ने फर्म जुनकिरी ईण्डष्ट्रिज प्रा.ली.को वोलपत्र स्विकृत भएको पाईयो । पालिकाले सो कवोल मूल्यमा २०८१।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।३।६ मा सम्झौता गरेको छ । सो खरीद कार्यमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

४६.२ सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ मा खरीदको लागि न्युनतम मूल्याङ्कित तथा सारभूतरूपमा प्रभावग्राही फर्मको बोलपत्र छनौट भएको सात दिनभित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनु पर्नेछ । त्यसरी छनौट भएको बोलपत्रको बोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी जानकारी अन्य बोलपत्रदातालाई समेत दिनुपर्ने र सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना

दिनुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित शिलवन्दि दरभाउपत्रको आशयको सूचना २०८१।२।२५ मा प्रकाशन गरेको तथा २०८१।३।६ मा मात्रै सम्झौता गरेकोमा आशय सूचनाको नियमानुसार सात दिन समाप्त नहुदै तथा सम्झौता समेत नहुदै पालिकाले च.नं.१००। ०८१।२।२९ बाट सामानको ल्याव परीक्षणको लागि यातायात पूर्वाधार निर्देशनालय दाङलाई पत्राचार गरेको छ । पालिकाले नियमको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४६.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले अडारे ट्रस पुल निर्माणको लागि DPR अनुसारको सामान खरीदको लागि रु.१७१६९४२।३० तथा डाङ्गरेघाट झोलुङ्गेपुल तथा खल्लुघाट झोलुङ्गेपुलको लागि रु.१६२२२५६।९१ को लागत अनुमान तयार गरेकोमा सो अनुसारको हुने रु.३३३९१९९।२१ को प्याकेज बनाई वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने देखिन्छ । तर पालिकाले उक्त खरीद कार्य बर्षान्तमा टुक्रा-टुक्रा पारी छुट्टा छुट्टै शिलवन्दि दरभाउपत्रको सूचना प्रकाशन गरी रु.३०१२१९३।३८ मा खरीद गरेको छ । यसरी टुक्रा पारी खरिद गर्दा खरिदमा सिमितता भई प्रतिशपर्धा नहिने हुँदा यस्तो खरिद कार्य नियमित नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३०,१२,१९४ |

४७ **गरिवसँग विश्वेश्वरः**

अन्तरसरकारी अख्तियारी तर्फ पालिकाको चार वडामा गरिवसँग विश्वेश्वर कार्यक्रम संचालनमा रहेको र सो कार्यक्रम संचालनका लागि चार जना सामाजिक परिचालिका नियुक्त गरी कार्यक्रम संचालन गर्ने गरी रु.१४५००००।-निकासा प्राप्त भएको छ । कार्यक्रम संचालनको लागि वर्षभर चार जना सामाजिक परिचालिकाको तलव भत्ता र कार्यालय तथा मसलन्द सामाग्रीमा मात्र सो रकममध्ये रु.८४००००।-खर्च भएको छ । पालिकाबाट रु.६१००००।-बराबरको कार्यक्रम संचालन गर्न रु.८४००००।-खर्च गरेको देखिएकोले खर्च रकमको उपयोगीता देखिएन । मौरीको घार वितरण, गिरीराज कुखुराको चल्ला वितरण र खाद्यान्न बाली तथा तरकारी बालीको बिउ वितरणका लागि कार्यक्रम खर्चभन्दा बढी तलव भत्ता भुक्तानी हुनु र यस्तै प्रकृतिको कार्यक्रम पालिकामा समेत संचालन भएकोमा खर्चलाई मितव्ययी बनाउनेतर्फ कार्यालयले ध्यान दिएको देखिएन् । यसतर्फ कार्यालयले ध्यान दिई आगामी दिनमा यस्ता प्रकृतिका क्रार्यक्रम संचालनमा मितव्ययीता कायम गर्नु पर्दछ ।

४८ **करार कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले कार्यक्रमबाट तलव भत्ता खर्च लेख्ने वाहेक विभिन्न पदमा ६० जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१९००९११८।-खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद कम्प्यूटर अपरेटर-१, सहायक कम्प्युटा अपरेटर-२, कार्यालय सहायक-४,सामाजिक परीचालक-१, अ.न.मि.-१४, अ.हे.व.-७ र ल्याव टेक्निसियन -७ गरी दरबन्दिभित्र नपरेका तथा स्रोतको सुनिश्चितता नभएका विभिन्न ३६ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.११५४०५२०।-भुक्तानी गरेको छ। यसरी वर्षभरी दरबन्दी भन्दा बढी तथा अनावश्यक कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१५,४०,५२० |

## ४९ **सराई अघनी विस्कुनडाँडा हुदै सिलंगी सडकः**

४९.१ पालिकाले संघिय समपुरक वजेट अन्तर्गत सराई अघनी विस्कुनडाँडा हुदै सिलंगी सडक निर्माणका लागि रु.११२२५६६२।४१ को लागत अनुमान तयार गरी २०८०।७।२० मा वोलपत्र सूचना आव्हान गरेको पाईयो । पालिकाले सबैभन्दा कम कवोल रु.८९७६५७३।६५(२०.०३%कम कवोल) गर्ने फर्म सन्त कंन्स्ट्रक्सनको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग मा २०८१।३।१० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।९।२६ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

४९.२ सार्वजनिक खरिद ऐनको दफा ५४ मा भेरिएसन गर्दा सो भेरीएसनको परिमाणको प्राविधिक पुष्ट्याई र कारण, स्विकृत वजेटमा परे नपरेको कुरा, निर्माण कार्यको ड्रईङ्गस डिजाईन, तथा स्पेशिफिकेशन आदि बदल्नुपर्ने र नपर्ने जस्ता कुराहरू भेरीएसनको स्विकृती गर्ने अधिकार भएको पदाधिकारीले प्रमाणित गरेर मात्र कार्यगर्नुपर्ने कानूनी व्यवस्था छ। पालिकाले रु.८९७६५७३।६५ को ठेक्का सम्झौता गरेकोमा प्रथम विल गो.भौ.१४७।०८०।१२।२८ बाट रु.२२९१३८०।-,(पालिका वजेट) दोस्रो विल गो.भौ.२६२।०८१।२।३१ बाट रु.२९०००००।-(पालिका वजेट)र अन्तिम विल गो.भौ.१७।०८१।३।२१ बाट रु.३७०६९२५।–(संघिय वजेट) तथा गो.भौ.३३०।०८१।३।२१ बाट रु.३०००००।-(पालिका वजेट), गरि रु.९१९८३०५।-को मूल्याङ्कन गरी भुक्तानी समेत भएको छ । पालिकाले भेरिएसन कार्यालय प्रमुखबाट स्विकृत गरीसके पश्चात मात्र कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४९.३ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२८,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५० **सूचना प्रणाली सफ्टवेयरः**

पालिकामा आवश्यक सूचना प्रणाली सफ्टवेयर निर्माणको लागि रु.४५६०००।-को लागत अनुमान तयार गरी २०८१।२।१६ मा आर्थिक प्रस्तावको सूचना आव्हान गरेको पाईयो । पालिकाले प्राविधिक तथा आर्थिक प्रस्तावमा सबैभन्दा बढी अंक प्राप्त गरेको जनाई अधृत ईन्जिनियरीङ्गको कवोल रकम रु.४५६०००।-मा २०८१।३।१६ भित्र कार्यसम्पन्न गर्नेगरी २०८१।२।२० मा सम्झौता गरेको पाईयो । परामर्शदाताले प्रस्तावनामा AMC चार्ज दावि नगर्ने गरी आर्थिक प्रस्ताव पेश गरेकोमा पालिकाले बार्षिक १० प्रतिशतले AMC भुक्तानी गर्ने गरी सम्झौता गरेकोले बार्षिक ब्ययभार बढ्न जाने देखिन्छ । अतः पालिकाले सम्झौताको पुनरावलोकन गर्नुपर्दछ ।

## ५१ **बेरुजु लगत :**

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

- म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,
- ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,
- म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

## ५२ **वन पैदावार आय असूल नभएको :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता

समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

५३ **लघुउद्यम कार्यक्रमः**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न ५ कार्यक्रमको लागि यस बर्ष देहाय अनुसारको सिपमूलक तालीम संचालन गरी ७५ जनालाई तालीम प्रदान गरेको छ । यसरी तालीम प्राप्त उद्यमी मध्ये विभिन्नलाई प्रविधि हस्तान्तरण अन्तर्गतको सामान वितरण गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| क्र. सं. | तालिमको नाम | तालिम अवधी | अवधि | सहभागी | खर्च रु. |
|---|---|---|---|---|---|
| १ | कपडाको सेनेटरी प्याड बनाउने तालिम | १० दिन | २०८१/०२/१८ देखि २७ सम्म | २६ | २५०७०७।११ |
| २ | सैलुन तालिम (नयाँ उद्यमी सिर्जना तर्फ) | १ महिना | २०८१/०१/०३ देखि २०८१/०२/०३ | १४ | २२१६३५।- |
| ३ | एड्भान्स कटाई सिलाई तालिम | १ महिना | २०८०/१०/०५ देखि २०८०/११/०५ | १० | १२२९५५।- |
| ४ | टमाटर खेति सम्बन्धी एड्भान्स तालिम | ५ दिन | २०८०/०९/१६ देखि २० सम्म | १८ | ११७०००।- |
| ५ | प्रविधि हस्तान्तरण कार्यक्रम | १ दिन | २०८१/०२/२८ | ७ | १३६६५०।- |

५४ **१५ शैया अस्पताल निर्माण**

५४.१ माथागढीको वडा नं. ४ स्थित झडेवामा १५ शैयाको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्राकृतिक निर्माण सेवासँग मिति २०८०।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मु.अ.करसमेत ठेक रकम रु.१२१८९९५९१।९६ मा कार्यालयले २०७८।२।२० मा सम्झौता गरी कार्य भईरहेको छ । निर्माण कार्य र ठेक्का कागजातमा लेखापरीक्षणबाट देखिएका बेहोरा निम्न छन्:

५४.२ ठेक्का सम्झौता बमोजिम झडेवामा १५ सैयाको अस्पताल निर्माण कार्य मिति २०८०।२।१५ भित्र सम्पन्न गरिसक्नुपर्नेमा सो अनुसार भएको पाइएन । निर्माण कार्य विविध कारणले गर्न नसकेको भनि गाउँपालिकाले मिति २०८१।२।१५ प्रथम पटक र कार्यपालिकाको २०८१।१।३१ को निर्णयबाट २०८१ कार्तिक मसान्तसम्मको म्याद थप गरी यसबर्ष आठौं रनिङ्ग विलसम्म रु.६८६९८३७८।२७ भुक्तानी भएको छ । लेखापरीक्षणको क्रममा सो भवन निर्माण भइरहेको देखिए तापनि समयमा सम्पन्न गराउन सम्वन्धित निकायले तदारूकता अपनाउनु पर्दछ ।

५४.३ ठेक्काका लागि गरिएको परिमाण र लागतको अनुमान देखि ठेक्काको सूचना, मुल्यांकन, आसयको सूचना, ठेक्का स्वीकृतिलगायतको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रकृया र विधि अवलम्बन गरी आधिकारिक निर्णय लगायतका कागजातसहितको ठेक्का फाइल तयार गरी राख्नुपर्नेमा सो गरेको पाइएन । सो को अभावमा एकीकृत सूचना प्राप्त गर्न र विश्लेषण गर्न सकिएन । ठेक्का सम्बन्धित निर्णय र कागजातसहितको ठेक्का फाइल तयार राख्नुपर्दछ ।

५५ **नमुना मा.वि.भवन निर्माणः**

५५.१ पालिकाले तिन बर्षको कार्य अवधी राखी नमुना विद्यालय श्री दिव्य ज्योती माध्यमिक विद्यालयको भवन निर्माणको लागि २०७८।९।१ मा रु.४२६२९००८।२१ को सम्झौता गरेको पाईयो । सम्झौता अनुसार निर्माण व्यवसायीलाई यसबर्ष पाँचौ रनिङ्ग विलको गो.भौ.१०।०८०।११।३० बाट रु.४४१२२७०।–र छैठौं विल गो.भौ.१९।०८१।३।२१ बाट रु.५५८७७३०।–गरी हालसम्म मूल्य समायोजन रु.३३८६८०१।-समेत जम्मा रु.३०८१३१७९।२९ भुक्तानी भएको छ । पालिकाले भौतिक प्रगती खुलाएको छैन भने वित्तिय प्रगती

६४.३४% भएको देखिन्छ । लेखापरीक्षण अवधी २०८१।८।१९ सम्म सम्झौताको म्याद समाप्त हुन लागेको अवस्था छ भने कार्य प्रगती सन्तोषजनक देखिदैन । पालिकाले वाँकि कार्यको समयमा नै कर्यसम्पन्न गराउने तर्फ पहल गर्नुपर्दछ ।

५५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले मूल्याङ्कन रकम रु.५५८७७३०।-को विल पेश गरेको आधारमा पालिकाले छैठौं विल गो.भौ.१९।०८१।३।२१ बाट रु.५५८७७३०।-गरी भुक्तानी गरेको छ । सो भुक्तानी गर्दा BOQ को Iteam number १७, ईट्टाको गार्होको कार्यमा ठेक्का स्विकृत परीमाण ४६०.१८ घ.मी रहेकोमा ९२९.३३ घ.मी.को भुक्तानी भएको छ । यसरी सम्झौता भन्दा ४६९.१५घ.मी. को बढी भुक्तानी भईसकेकोमा प्राविधिक पुष्ट्याई सहितको भेरीएसन स्विकृत भएको अवस्था देखिदैन । यसरी स्विकृत परीमाण भन्दा ४६९.१५घ.मी. को प्रति ईकाई दर रु.९००।-ले हुन आउने बढी भुक्तानी रु.४७७१२५।५५ भएकोमा भेरिएशन आदेश स्वीकृत नगरी भुक्तानी गरेको हुँदा मु.अ.कर समेत सो खर्चलाई समर्थन गर्न नमिल्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,७७,१२६ |

५६ **किसान मा.वि.भवन निर्माणः**

पालिकालाई यसबर्ष संघिय विशेष वजेट अन्तर्गत किसान मा.वि.भवन निर्माणको लागि रु.१ करोडको वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले १२ कोठाको ३ तले भवन निर्माणको लागि रु.२६१४२०९९।२६ को लागत अनुमान तयार गरी २०८०।८।२५ मा वोलपत्र सूचना आव्हान गरेको पाईयो । प्राविधिक प्रस्ताव परेका १७ फर्मको मूल्याङ्कनमा दुई फर्मको व्यवसाय दर्ता नविकरण नभएको जनाई तथा एक फर्मको Finincial Requires मा फेल भएको जनाई वाँकि १४ वटाको आर्थिक प्रस्ताव मध्ये सबैभन्दा कम कवोल रु.१६२७०८२६।८५(२४.१६%कम कवोल) गर्ने फर्म सितारा कंन्स्ट्रक्सन एण्ड सप्लायर्सको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग मा २०८२।२।३० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।११।२० मा सम्झौता भएको पाईयो । यसबर्ष निर्माण व्यवसायीले प्रथम रनिङ्ग विल पेश गरेको आधारमा प्राविधिक मूल्याङ्कन भई गो.भौ.१८।०८१।३।२१ बाट रु.६५०८५३०।–भुक्तानी भएकोमा ४०% वित्तिय प्रगती भएको छ । पालिकाले वाँकि कार्यको समयमा नै कर्यसम्पन्न गराउने तर्फ पहल गर्नुपर्दछ ।

५७ **घर भाडाः**

कार्यालयले घरभाडा शिर्षकमा रु.७६२९६०।-रकम खर्च गरेको देखिन्छ । तर घरभाडा सम्झौतामा कार्यालयले कुन प्रयोजनका लागी घरभाडामा लिएको प्रयोजन खुलाएको देखिँदैन । यसै गरी केही सम्झौतामा कार्यालय प्रयोजन भनेर सम्झौता गरेको देखिन्छ भने स्पष्ट रुपमा कार्यालयको कुन प्रयोनजका लागी भनेर खुलाई सम्झौता गरेको पाईएन । कार्यालयले प्रयोग वा भाडामा लिएकोको हकमा म.ले.प फाराम नं.४१६ तयारी गरी राख्नुपर्नेमा सो गरीएको नपाईएकोले भाडामा प्रयोग भएका सम्पूर्ण विवरण तयार गरी राख्नुपर्दछ।

५८ **प्रतियुनिटमा सामाग्रीको खरीदः**

सार्वजनिक निकायले मालसामान खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी तथा नियम ८५(१) र (४) मा सोझै खरीद गर्दा कम्तिमा तिनवटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले दरभाउपत्र माग गर्दा प्रतियुनिटको दर सेवा प्रदायकबाट माग गरी सोही रकमलाई पालिकाको लागी आवश्यक पुरा परिमाणसँग गुणन गरी कुल रकम मुल्याङ्कन गरी खरीद गरीएको छ, जसले गर्दा धेरै परिमाणको सामाग्री खरीद गर्दा पालिकाले प्राप्त गर्न सक्ने छुट तथा सुविधाबाट बन्चित भएको हुन सक्ने देखिन्छ । अत दरभाउपत्र माग गर्दा पुरा विवरण तथा परीमाण खुलाई माग्नुपर्ने र सोझै खरीद गर्नु अघि एकिन गर्नुपर्ने कुरा सम्बन्धमा पनि ध्यान दिनुपर्ने देखिन्छ। कार्यालयबाट खरिद गरीएका केही प्रतियुनिट सामाग्रीको दरभाउपत्र माग गरी खरिद गरीएका उदाहरण तपसिल अनुसार रहेको छ।

| मिति/ भौचर | विवरण | प्राप्त गर्नेको नाम | बिल रकम | भुक्तानी |
|---|---|---|---|---|
| १३२।२०८०।०८।०६ | पशुपन्छी औषधि खरिद | प्रकाश भेट सेन्टर | ४९९८० | ४९२४७५ |
| २५७।२०८०।११।०२ | हिउँदे तरकारी बिउविजन अनुदान कार्यक्रम | | ३९५५५० | २९०७२७ |
| ३२०।२०८०।११।२९ | मागमा आधारीत कृषि कार्यक्रम- मौरीघार खरीद | सागर मौरी पालन उद्योग | १५०६५० | १४८३८५ |
| ३३७।२०८०।१२।०९ | एक गाउँ एक उत्पादन कार्यक्रम | कार्की एग्रो सप्लायर्स एण्ड कन्सर्न | ५६५००० | ३८७६१५ |
| ७३६।२०८१।०३।२० | घाँसको बिउ खरीद तथा व्यवस्थापन | प्रकाश भेट सेन्टर | ९४००० | ९२५९० |
| ७३८।२०८१।०३।२० | रासायनिक बिषादी तथा सुक्ष्म तत्व खरीद | बि. यू. के . एस ट्रेडर्स प्रा.लि. | २८८००० | २८३६८० |
| ७१७।२०८१।०३।१८ | स्वास्थ्य चौकी मसलन्ध खर्च | दुर्गा प्रिन्टीङ तथा स्टेसनरी उद्योग | ३५८५०८ | ३४१३५७ |
| ७२०।२०८१।०३।१८ | स्थानीय ट्राइकोडरमा प्रवर्द्धन तथा बिस्तार | मुक्तिनाथ एग्रीकल्चर कम्पनी प्रा. लि. | २९०६२५ | २८६२६५ |
| ७०६।२०८१।०३।१८ | पशुपंक्षी औषधि खरीद | सिदार्थ भेट सेन्टर | ४८५९४७ | ४७८६५७ |
| ७६५।२०८१।०३।२२ | फलफूल क्षेत्र बिस्तार कार्यक्रम | एग्रो कप नेपाल | ३६७४०० | २७००३९ |

५९ **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु. ६७७३१७७५ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

**(क)एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

**(ख) पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

**(ग) भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको ।

**(घ)** यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले हिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**(ङ)** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएका व्यक्तिलाई एउटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनुपर्दछ ।जेष्ठ नागरिक भत्ता फरक फरक खाता नं. मा जम्मा भएता पनि नागरिकता दोहोरिएको पाइएकोले यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ । दोहोरो नागरिकता भएका व्यक्तिहरुको केहि उदाहरणहरु निम्नानुसार छन ।

| वडा नं. | व्यक्तिको नाम | परिचयपत्र नं. | नागरिकता नं. |
|---|---|---|---|
| १ | दुर्गी न्यौपाने<br>विष्णुमाया मल्ल | १९९६१००५०११०३<br>२००२१२१५०१२११ | १३३६<br>१३३६ |
| २ | श्याम कुमारी सूर्यवंशी<br>सुनरुपा ठाडा मगर | २०१००५१९०११३७<br>२००६०७१९००११७ | ३०२१<br>३०२१ |

६० **निःशुल्क उपचार सहायता :**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ४३ जनाको लागि रु.२२६००००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने तथा यस्तो सहायता पाउनेलाई भत्ता दोहोरो नपर्ने गरी वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

| क्रम | उपचारको किसिम | व्यक्ति संख्या | रकम रु. |
|---|---|---|---|
| १ | क्यान्सर | २१ | ९७५००० |
| २ | मृगौला | १८ | १०४५००० |
| ३ | मेरुदण्ड | ४ | २४०००० |
| **जम्मा** | | **४३** | **२२६००००** |

६१ **कृषी पशु अनुदान :**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक

कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट विभिन्न व्यक्तिको लागि रु.३१०७४३२।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| गो भौ नं र मिति | अनुदानको किसिम | व्यक्ती संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| ४२६।२०८१।१।२० | च्याउ पालि करेला काक्रो सिमि | २५ | १९३१२५ | ७५ प्रतिशत अनुदान |
| ५२९।२०८१।२।२९ | कृषि तथा पशु विकास कार्यक्रम | १५० | ३००००० | ७० प्रतिशत अनुदान |
| ५२९।२०८१।२।२९ | मल्चिङ प्लाष्टिक प्लाष्टिक पोखरी | | ३९२००० | ३० प्रतिशत अनुदान |
| ५८८।२०८१।३।९ | लहरेबाली तरकारी बिउबिजन | | २९६४७५ | ७५ प्रतिशत अनुदान |
| ६३९।२०८१।३।१२ | बाख्रापालन कार्यक्रम | | २५९३९८ | ७५ प्रतिशत अनुदान |
| ६१६।२०८१।३।११ | एक गाउँ एक उत्पादन तरकारी कार्यक्रम | | २८३०७३ | ७५ प्रतिशत अनुदान |
| ६६१।२०८१।३।१४ | दुना टपरीको लागि मेसिन खरिद | | २९९९०७ | १०० प्रतिशत अनुदान |
| ६८२।२०८१।३।१६ | कमपोष्ट विन खरिद | ९४ | २९४००० | ७५ प्रतिशत अनुदान |
| ६८६।२०८१।३।१७ | फलामे पाईपको टनेल प्लाष्टि टनेल | | १९२३०६ | ५० प्रतिशत अनुदान |
| ७३६।२०८१।३।२० | घाँसको बिउ खरिद तथा व्यवस्थापन | | १०३५०० | |
| ७३६।२०८१।३।२० | फलफुल क्षेत्र विकास कार्यक्रम | | २९९५५० | ७५ प्रतिशत अनुदान |
| ७६८।२०८१।३।२२ | कृषि उत्पादन लेबलिगं अनुदान कार्यक्रम | | १९४०९८ | १०० प्रतिशत अनुदान |
| **जम्मा** | | | **३१०७४३२** | |

## ६२ स्वास्थ्य बीमा कार्यक्रम :

पालिका भित्र बसोबास गर्ने जनसमुदायको आधारभूत स्वास्थ्यमा सहज र सुलभ पहुँच अभिबृद्धि गर्न तर्जुमा भएको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ अनुसार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनका लागि पालिकाले यस बर्ष कुल ५७१ जनालाई रु.३५००।-को दरले रु.२००००००।-आर्थिक सहुलियत उपलब्ध गराएको छ। माथागढी गाउँपालिकाको आ.व. २०८०।२०८१ को वार्षिक नीति तथा कार्यक्रमको बुदा नं.१०३ मा विपन्न स्वास्थ्य बिमा कार्यक्रम शिर्षकमा २० लाख बजेट विनियोजन गरी वडागत आधारमा विपन्न नागरिक छनौट गरी वडा कार्यालयले पालिकामा सिफारिसमा गरी भुक्तान गरेको छ। आन्तरीक श्रोतलाई मध्यनजर गरी यस्ता खर्चहरुलाई नियन्त्रण गर्दै जानु पर्दछ।

## ६३ खर्चमा मितव्यिता कायम गर्नुपर्ने :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यक्ता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.२६५३०००।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

**इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/

पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२१८९०००।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१३४३०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ .

**मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.२६०६०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

**सवारी मर्मत र अन्य मर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.१३३९०००।-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

**कन्टिन्जेन्सी खर्च अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। जसले गर्दा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

६४ **निजि शिक्षकको तलब भत्ता :**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्रमात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको

ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ ४ जनालाई, नि.मा.वि तर्फ ५ जनालाई र मा.वि तर्फ २ जना शिक्षकलाई गरी बार्षिक रु.३३९६०००।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थिहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती तथा खर्च गर्नुपर्ने देखिन्छ ।

| **क्रस** | **तह** | **संघीयदरबन्दी** | **प्राविधिकधार** | **पालिकाअनुदान** | **निजी श्रोत** | **रकमरु.** | **विद्यार्थीसंख्या** | **अनुपात** |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रावि | १७४ | | ४ | ५८ | ११७०६१६८५ | ३०४१ | १७.४७ |
| २ | निमावि | ४१ | २ | ५ | २ | | १२८० | ३१.२१ |
| ३ | मावि | ३३ | ४ | २ | | ३०५१०२२१ | ८६५ | २६.२१ |
| ४ | उच्चमावि | ८ | २ | | | | ४९३ | ६१.६२ |
| **जम्मा** | | **२५६** | **८** | **११** | **६०** | **१४७५७१९०६** | **५६७९** | **३४.१३** |

६५ **वालविकास कर्मचारी वितरण :**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थी संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थी संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थी कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | बालविकास सहजकर्ता | बालविकासविद्यार्थि |
|---|---|---|
| श्री जाउपोखराआ.वि | १ | ५ |
| श्री भूपतिप्रा.वि | १ | ६ |
| श्री शिवदीपप्रा.वि | १ | ० |
| श्री कर्णधारमा.वि | १ | ८ |
| श्री विक्रमआ.वि | १ | २ |
| श्री सिद्धबाबाप्रा. वि | १ | ९ |
| श्रीजल्पादेवी प्रा.वि | १ | ७ |
| श्री जनउद्धारप्रा.वि | १ | ४ |
| श्री शारदाप्रा.वि | १ | ३ |
| श्री योगेश्वरप्रा.वि | १ | ८ |
| श्री जनप्रियप्रा.वि | १ | ८ |
| श्री शिववाणीप्रा.वि | १ | ३ |
| श्री कर्णधारप्रा.वि | १ | ७ |
| श्री चित्रेछापप्रा.वि | १ | २ |
| श्रीहात्तीलुङ्ग मा.वि | २ | ० |
| श्री सिद्धप्रा.वि | १ | ७ |
| श्री लक्ष्मीप्रा.वि | १ | १ |
| श्री महेन्दनरेश प्रा.वि | १ | ६ |
| श्री बतासचुलीदेवीप्रा.वि | १ | ७ |
| श्री धारादेवीमा.वि | १ | ७ |

६६ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण :**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागू गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा ३१२ विद्यार्थि मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थिहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल निम्नानुसार रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं. | विषय | सहभागी | A+ | A | B+ | B | C+ | C | D | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३१२ | ५ | ३१ | ९७ | १२४ | २९ | ० | ३ | २३ |
| २ | अङ्ग्रेजी | ३१२ | ४ | ८ | ३१ | १५० | ९० | ३ | ३ | २३ |
| ३ | गणित | ३१२ | ४ | ३७ | ७२ | ११५ | ५५ | ३ | ३ | २३ |
| ४ | सामाजिकअध्ययन | ३०३ | ४ | २० | ५३ | १३० | ६९ | २ | ३ | २२ |
| ५ | विज्ञानतथा वातावरण | ३१२ | ७ | ४३ | ९५ | ९१ | ३८ | १२ | ३ | २३ |
| ६ | स्वास्थ्यतथा शारीरिक | ३०३ | १४ | ३५ | ८२ | ९२ | ५५ | ० | ३ | २२ |
| ७ | सूचना, संचार र प्रविधि | ३०३ | १४ | ३७ | ८० | ९२ | ५३ | २ | ३ | २२ |
| ८ | कर्मकाण्ड | ९ | १ | २ | ५ | | | | | १ |
| ९ | संस्कृत व्याकरण | ९ | १ | २ | ६ | | | | | ० |
| १० | संस्कृत भाषा | ९ | १ | ३ | ५ | | | | | ० |

## ६७ राष्ट्रिय शिक्षा नीतिको पालना :

६७.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६७.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६७.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।

• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

६८ **विद्यालयको अनुगमन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

६९ **दिवा खाजा :**

६९.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ४१ वटा विद्यालयहरुमा गो.भौ.१११।०८०।१०।९ बाट रु.२०२२६१०।-,गो.भौ.१६१।०८१।१।१० बाट रु.२४५३४७५।-र गो.भौ.२४६।०८१।३।२० बाट रु.१२५२९६५।-गरी जम्मा रु.५७२९०५०।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

६९.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थिको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

६९.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट

गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

७० **ल्याब व्यवस्थापन :**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को ९.५(६) मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च. न. १६५ मिति २०८०।०३।०५ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही पुस्तकालय स्थापना तथा व्यवस्थापन, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशला (ICT) र विज्ञान प्रयोगशालामध्ये कुनै कार्यक्रम सबै विद्यालयले एक पटक प्राप्त गरी सकेको भएमा स्थानीय तहबाट निर्णय गराई उल्लिखित एक उपक्रियाकलाप र कार्यान्वियन प्रक्रिया कार्यक्रममा केन्द्रित रही विद्यालयको आवश्यकता र मागका आधारमा नदोहोरिने गरी बजेट र लक्ष्यको सीमा नबढ्ने गरी कार्यक्रम गर्न सकिने उल्लेख छ । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोके अनुसारको तथ्याङ्क अद्यावधिक नगरेको तथा कुन कुन विद्यालयले प्रस्ताव माग गरेको र कसलाई दिने हो, सो सम्वन्धमा निर्णय गरेको छैन । साथै ICT को लागि रकम गो.भौ. २५४।०८१।३।२३ बाट रु.६२७१२०।-निकासा दिएकोमा पुस्तक खरीदको विल भरपाई समेत पेश भएको छ । यसरी निर्णय वेगरको क्षेत्रमा कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेअनुसार भएको नपाईएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको रकम, रू.

| | |
|---|---|
| अनियमित भएको | ६,२७,१२० |

७१ **पकेट विकास :**

७१.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना¸ परियोजना कार्यान्वियन म्यानुअल¸ २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा तरकारीवाली र च्याऊ खेति निरन्तरताको लागि वजेट विनियोजन रु.१२०००००।- विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान नगरि जनाई च्याऊ तर्फ कार्कि कृषि तथा पशुपालन फर्म तथा तरकारी तर्फ भञ्जाङ्ग पोखरा कृषक सहकारी संस्थालाई क्रमशः गो.भौ.१७८।०८१।२।२१ बाट रु.५८००८९।–र गो.भौ.१७९।०८१।२।२१ बाट रु.४८८४२५।-रकम भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

७१.२ भञ्जाङ्ग पोखरा कृषक सहकारी संस्थालाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार १७९।०८१।२।२१ बाट रु.४८८४२५।-भुक्तानी दिएकोमा देहाय अनुसारको विभिन्न सामाग्रीहरू खरीद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

| क्र.सं | सामान | संख्या | रकम |
|---|---|---|---|
| १ | हिल ट्याङ्की | २५ | १३७५०७ |
| २ | ग्रिन सेड नेट | ३० | १४९९७३ |
| ३ | प्लाष्टिक टनेल | २० | ११०००० |
| ४ | मल्चिङ्ग | ५ | २२४९८ |
| ५ | प्लाष्टिक त्रिपाल | ३८.८ के.जी. | २४९९१ |

७२ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२१७,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माथागढी गाउँपालिका, पाल्पा , माथागढी गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम प्रसाद घिमिरे | २०८०-५-३१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | दिनेश ज्ञवाली | २०७८-७-२५ | २०८०-५-२९ |
| लेखा प्रमुख | सन्तोष दाहाल | २०७८-७-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २५५,४६८ | १८,३४१,५३५ | १०,२८६,०३९ | ० | ० | ३,०१९,४६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३१,९०२,५०८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ११,११८,२७८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,७८४,२३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११२७४४३६६.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९२७९०४४१.५८ | **चालु खर्च** | ४६७४५९८६०.८४ |
| **प्रदेश सरकारबाट अनुदान** | १९५६१७३३ | **पूँजीगत खर्च** | १८८५८४४२४.९३ |
| **राजश्व बाँडफाँट** | १०४७४८७७२.५८ | **वित्तीय/अन्य व्यवस्था** | ४९५६२१३.० |
| **आन्तरिक आय** | १६९३९३०७.३२ | | |
| **अन्य आय** | २५७९६७४५.४८ | | |
| **कुल आय** | ६५९८३६९९९.९६ | **कुल खर्च** | ६६१०००४९८.७७ |
| **बाँकी मौज्दात** | | ११९५८०८६७.४६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।